'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १९१ शुक्रवार २३ फागुन, २०८१ 07 (Friday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

मुख्यमन्त्री कोहलपुर गोल्डकप

## आयोजक रेसिङ साहारा र राइजिङ स्टार क्लब फाइनल प्रवेश

नमस्ते समचारदाता
कोहलपुर, फागुन/२२



मुख्यमन्त्री कोहलपुर गोल्डकपको सेमिफाइनल संस्करण पूरा भएको छ। बिहीबार काँक्रेविहार फुटबल क्लब, सुर्खेत र राइजिङ स्टार फुटबल क्लब, नवलपरासी बीच सम्पन्न खेल सकिएसँगै सेमिफाइन संस्करण पूरा भएको हो । बिहीबार काँक्रेविहार फुटबल क्लब, सुर्खेतलाई पेनाल्टी सुटआउटमा हराउँदै राइजिङ स्टार फुटबल क्लब, नवलपरासी फाइनल प्रवेश गरेको छ । सेमिफाइनको खेलको पहिलो हाफको १९औँ मिनेटमा राइजिङ स्टार फुटबल क्लब, नवलपरासीका फाकुन्ले अवयोमी बोलसियुनले पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । खेलको ७८औँ मिनेटमा काँक्रेविहार फुटबल क्लब, सुर्खेतका धनसिंह विकले बराबरी गोल फर्काए । निर्धारित समयमा १-१ को बराबरी भएपछि पेनाल्टी सुटआउटमा काँक्रेविहारलाई ५-४ ले पराजित गर्दै राइजिङ स्टार फुटबल क्लब फाइनल प्रवेश गरेको हो । यसअघि आयोजक कोहलपुर रेसिङ साहारा क्लब फाइनल प्रवेश गरिसकेको छ । खेलको म्यान द म्याच राइजिङ स्टार फुटबल क्लब, नवलपरासीका फाकुन्ले अवयोमी बोलसियुन घोषित भए । उनले नगद् पाँच हजार रुपैयाँ प्राप्त गरे । शेषलाई राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्प पौडेल, नेकपा एमाले बाँकेका सचिव बलराम भट्टराई, नेपाली काँग्रेस क्षेत्र नम्बर १ का सभापति पोषण केसी र कोहलपुर उद्योण वाणिज्य संघका अध्यक्ष प्रदीप भट्टराईले संयुक्त रुपमा प्रदान गरेका थिए । प्रतियोगिताको फाइनल फागुन २४ हुनेछ । कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा फागुन १७गतेदेखि प्रतियोगिता सुरु भएको हो । घाना र भारतीसहित आठ वटा टिमको सहभागिता रहेको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

## विद्यार्थीलाई आत्मविश्वासी बनाउन नमुना एसइइ परिक्षा

नमस्ते समचारदाता
सल्यान, फागुन/२२



सल्यानको छत्रेश्वरी गाउँपालिका वडा नम्बर ५ ले बिहिबारदेखी नमूना एसइइ परिक्षा सुरु गरेको छ । आगामी चैत्र ८ गतेदेखि हुने एसइइ परीक्षालाई लक्षित गरी विद्यार्थीलाई सहज र आत्मविश्वासी बनाउन नमूना परीक्षा संचालन गरिएको वडा अध्यक्ष तथा छत्रेश्वरी गाउँपालिकाका प्रवक्ता फौद बहादुर बस्नेतले जानकारी दिए । वडा भित्रका महेन्द्र मावि पाखापानीका २५ जना र त्रिभुवन जनता मावि चौरपानीका २५ जना गरी जम्मा ५० जना विद्यार्थी यस परीक्षामा सहभागी भएका छन् । विद्यार्थीहरूमा परीक्षाप्रति उत्साह देखिएको छ भने अभिभावकहरूले पनि यस्ता अभ्यास परीक्षाले वास्तविक परीक्षामा राम्रो नतिजा ल्याउन मद्दत पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । वडा अध्यक्ष बस्नेतका अनुसार यस प्रकारको नमूना परीक्षा गत बर्ष देखि सुरु गरिएको हो । विद्यार्थीको शैक्षिक सुधार र आत्मविश्वास बढाउन सहयोगी बनेपछी यस बर्ष पनि वडाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार नमुना परीक्षा संचालन गरिएको उनको भनाइ छ । उनले भने, "विद्यार्थीलाई परीक्षा प्रणालीमा अभ्यस्त गराउन र उनीहरूको सिकाइस्तर सुधार गर्नका लागि यस्ता अभ्यास परीक्षाहरू महत्वपूर्ण छन् । आगामी बर्षमा पनि यसलाई निरन्तरता दिइनेछ ।'' नमूना परीक्षामा प्रश्नपत्र तयार पार्ने, उत्तरपुस्तिका परीक्षण गर्ने र नतिजा प्रकाशन गर्ने प्रक्रियालाई वास्तविक परीक्षाको ढाँचामा सञ्चालन गरिएको बस्नेतको भनाइ छ । अबको एसइइ परिक्षामा विद्यार्थीलाई समय व्यवस्थापन, प्रश्न बुझ्ने क्षमता र उत्तर लेख्ने शैलीमा सुधार गर्ने शिक्षकहरुको भनाइ छ । वडा कार्यालयको यस्तो पहललाई विद्यार्थी, अभिभावक र समुदायले स्वागत गरेका छन् ।

## बाँके राष्ट्रिय निकुञ्जले गर्यो खरखराई संकलन तथा निकासी खुल्ला

नमस्ते समचारदाता
बाँके, फागुन/२२




बाँके राष्ट्रिय निकुञ्ज अन्तर्गतको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरूका लागि खरखराई संकलन तथा निकासी खुला गरिएको छ । बाँके राष्ट्रिय निकुञ्ज कार्यालयको पत्र (संख्या ८३४, मिति २०८१/११/१९) तथा मध्यवर्ती व्यवस्थापन समितिको निर्णय (मिति २०८१/११/१९) अनुसार तोकिएको मिति र प्रवेश नाकाबाट खरखराई संकलन तथा निकासी गर्न पाइने व्यवस्था गरिएको छ। खरखराई संकलनका लागि आवश्यक पुर्जी २०८१ फागुन २२ र २३ गते बाँके राष्ट्रिय निकुञ्जको प्रगतिनगर रेन्जपोस्टमा गई प्राप्त गर्न सकिनेछ । पुर्जी काट्न प्रत्येक व्यक्तिले रु. ५०/- तिर्नुपर्नेछ । पुर्जी प्राप्त गरेका व्यक्तिहरूले २०८१ फागुन २४, २५ र २६ गते खरखराई संकलन तथा निकासी गर्न सक्नेछन् । प्रवेशका लागि बालापुर हुँदै परुवा खोला, तारादेवी तथा जनशक्ति म.सा.व.उ.स., मुगा खोला तथा खैरी खोला, सुखार खोला र अगैया नाकाहरु निर्धारण गरिएको छ। यस सूचना अनुरूप, कोहलपुर नगरपालिका-१३ भित्रका सम्पूर्ण उपभोक्ताहरूलाई तोकिएको मिति, स्थान र प्रक्रिया पालना गरी खरखराई संकलन तथा निकासी गर्न अनुरोध गरिएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# सामाजिक सञ्जालको सवाल

डा. टीकाराम पोखरेल



सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयक चर्चामा छ। एकाथरीले यसको समर्थन गरिरहेका छन् । अर्काथरीको विरोध छ । कोहीकोही चुपचाप पनि छन् । हरेक कुराको विरोध र समर्थनमा मत आउनुलाई सामान्य अर्थमा नै लिइन्छ, तर यो विधेयकको सन्दर्भमा समर्थन र विरोध भनेको सामान्य छैन । यो नागरिकको आधारभूत अधिकारको विषय भएकोले समर्थन र विरोधलाई हल्का ढंगले बुझिनु पनि हुँदैन । मननीय कुरा के छ भने, यो विधेयकको समर्थन गर्ने वर्ग माथिल्लो अर्थात् शक्तिशाली र सुविधासम्पन्न वर्ग छ, जसले प्रत्यक्ष परोक्ष राज्यबाट लाभ लिइरहेको छ । विरोध गर्ने वर्ग चाहिँ तल्लो अर्थात् शक्तिहीन छ, जो राज्यप्रति असन्तुष्ट छ र आलोचनात्मक दृष्टि राख्छ। विधेयकका समर्थक भन्छन्- 'सामाजिक सञ्जालका प्रयोगकर्ताले अति नै गरे । सञ्जालको दुरुपयोग भयो। गालीगलौज, मर्यादाहीन, तथ्यहीन र भ्रमात्मक कुराले सञ्जाल भरिए । अराजकता बढ्यो । समाज भाँडियो । राज्यले यसलाई नियन्त्रण गर्नुपर्छ ।' अलि पुरातनवादीहरू 'जो टिकटक बन्द हुँदा खुसी थिए'हरूले त सामाजिक सञ्जालका सबै प्लेटफर्म बन्द गर्नुपर्नेसम्मका धारणा राखिरहेका छन् । विधेयकमाथि असहमति राख्नेहरू भन्छन्-'सरकारले अति नै गर्‍यो । लोकतान्त्रिक व्यवस्थामा विचार राख्ने प्लेटफर्मलाई समेत अंकुश लगाउने सरकारको सरकारको मनशाय नै गलत छ।' राज्य भन्छ- 'नागरिकले अति गरे।' नागरिक भन्छन्-'राज्यले अति गर्‍यो ।' अलि बीचतिरका चाहिँ के पनि भन्छन् भने 'नियन्त्रण नै त होइन, तर नियमनको आवश्यकता छ।' तर नियन्त्रण वा नियमनमा खासै ठूलो भिन्नता छैन। यो शब्दभ्रम मात्र हो । नियमन भने नि नियन्त्रण भने नि नागरिकको अधिकारमाथि राज्यको निगरानी हो । प्रस्तावित विधेयकका सन्दर्भमा केही आलोच्य विषय छन् । पहिलो कुरा सामाजिक सञ्जाल भनेको माध्यम हो। विषय र सामग्री गलत भए विषय र सामग्रीमा बन्देज लगाउन पनि सकिएला, तर माध्यममा बन्देज लगाउन हुँदैन। त्यही सामग्री इमेल वा मोबाइल मेसेजबाट पठाउँदा अपराध नहुने, त्यही सामग्री फेकसबुक, एक्स, इन्स्ट्राग्राम आदिबाट पठाउँदा अपराध हुने कस्तो खालको बुझाइ हो कि ? अथवा चोकमा भाषण गर्दा कुनै नेताले मच्चीमच्ची विपक्षीलाई गाली गर्दा अपराध नहुने तर त्यही सामग्री फेसबुक र एक्सजस्ता सञ्जालमा पोस्ट गर्दा मात्र होइन कि लाइक र कमेन्ट गर्दा समेत अपराध हुने तर्क कति हास्यास्पद छ। राज्यको सामाजिक सञ्जालप्रतिको बुझाइ नै गलत भयो । सामाजिक सञ्जाललाई माध्यम बुझेन, कानुन नै बुझ्यो । दोस्रो विषय, अभिव्यक्ति स्वतन्त्रता र घृणायुक्त अभिव्यक्ति वा अपराध बुझाइको बीचमा ठूलो खाडल छ । गालीगलौज र घृणाको नियन्त्रण गर्नुपर्ला, तर अभिव्यक्तिको नियन्त्रण हुँदैन । अभिव्यक्ति सीमाविहीन हुन्छ र हुनुपर्छ । कुनै कानुनले सीमाको बन्देज लगाएको छ भने त्यो कानुनको दोष हो, त्यस्ता दोषी कानुनमा सुधारको बहस हुनुपर्नेमा सकारात्मक व्याख्यालाई चटक्कै छोडेर कानुनको अपव्याख्या गर्दै कसैले पनि अभिव्यक्ति स्वतन्त्रता सीमारहित हुँदैन, बन्देज लगाउन पाइन्छ भन्छ भने उसले कानुन त बुझेको होला, मानव अधिकारको मर्म र भावना चाहिँ बुझेकै छैन। स्मरण रहोस्, कानुन घोक्ने विषय होइन, विवेकको विषय पनि हो । कानुन अधिकार नियन्त्रण गर्ने हतियामात्र होइन अधिकारको सुनिश्चितता गर्ने साधन पनि हो । घृणा र अपराध रोकिनुपर्छ भन्नेमा कुनै द्विविधा छैन । तर अर्को द्विविधा के पनि हुनुहुन्न भने घृणा र अपराध कडा कानुनले मात्र रोकिँदैन, जसरी मृत्युदण्डको व्यवस्था गर्दैमा अपराध रोकिँदैन । नरोकिने कुरामा जबर्जस्ती कानुन लाद्नु भनेको राज्यका निकायमा बस्नेहरूले आफूसँग असहमतहरूलाई मुद्दा भिराएर दुःख दिने हतियार बनाएको मात्र हो । बोल्ने अधिकार मान्छेलाई कुनै अमूक मान्छेले दिएको अधिकार होइन, प्रकृतिले दिएको अधिकार हो। प्रकृतिले दिएको अधिकार मान्छेले खोस्न सक्दैन । खोसियो भने त्यो अप्राकृतिक हुन्छ। यस्तो अधिकार रोक्नु र खोस्नु भनेको घुम्दै गरेको पृथ्वीलाई रोक्ने प्रयास गर्नु जस्तो हो, पानीलाई उकालोतिर बगाउँछु भने जस्तै हो । कुनै शक्तिशाली मान्छेले कानुन बनाउँदैमा पूर्वतिरबाट झुल्किने सूर्य पश्चिमतिरबाट झुल्काउन सक्ला र ? बोल्नेलाई जरिबाना तोक्ने गरी कानुन बनाउने, बोलेबापत जरिबाना उठाउने र जेलसम्म कोच्ने राज्यलाई अनुदार राज्य भनिन्छ । लोकतान्त्रिक शासन व्यवस्थाको मर्म बुझ्ने राज्यले यस्तो अनुदार कानुन बनाउनु हुँदैन । बनाए भविष्यमा पछुतो हुनेछ। बोल्ने अधिकार समेत खोस्ने राज्यले अरु अधिकार सुनिश्चित गर्छ भनेर कल्पना गर्नु भनेको बालुवाबाट तेलको आशा गर्नु जस्तै हो । अनुदार राज्यले आफ्ना लागि भने यस्ता बालुवाको तेल निकाल्ने निरर्थक प्रयास बेलाबेला गरिरहन्छन् । त्यसैले त नागरिक निगरानीको खाँचो हुने हो नि । धनी र उदार राष्ट्रले नागरिकका आधारभूत अधिकार खाना, नाना, छाना, स्वास्थ, शिक्षालगायत नागरिकका आवश्यकता निःशुल्क उपलब्ध गराउँछ । तर हाम्रोजस्तो गरिब राष्ट्रले यस्ता आधारभूत आवश्यकता निःशुल्क उपलब्ध गराउन सकेको छैन । राज्यले निःशुल्क दिन सक्ने त्यही एउटा बोल्ने कुरा थियो, त्यसमा पनि राज्य अंकुश लगाउँछ भने त्योभन्दा अनुदार राज्य कुन होला। खर्च नलाग्ने हेर्ने, सुन्ने, बोल्ने र सास फेर्ने जस्ता अधिकारको सुनिश्चिता गर्न नसक्ने राज्य कसरी लोकतान्त्रिक हुन्छ ? हेर्ने, सुन्ने, बोल्ने र सास फेर्ने जस्ता राज्यको उदारता मात्र भए पुग्ने अन्य स्रोत र साधन नलाग्ने अधिकारको सुनिश्चिता त राज्यले खुला दिलले गर्नुपर्ने हो, तर बोलेबापत अदालतबाट जरिबाना उठाएर राज्यले आफ्नो अनुदार अनुहार देखाउन खोजेको छ । के बोलेबापत शुल्क लगाएर राज्य धनी हुन खोजेको हो ? विचाराधीन रहेको प्रस्तावित मस्यौदाका दफादफा केलाउनु पर्दैन। जुन कुरा सिद्धान्ततः नै अस्वीकार्य हुन्छ भने त्यस्तो मस्यौदाभित्र छिरेर कुन दफा ठीक र कुन दफा बेठीक भन्नेतिर को बहसमा प्रवेशै गर्नु नै हुँदैन। यस्तो बहसमा नागरिक उत्रिनु भनेको राज्यको अनुदार कानुनलाई प्रत्यक्ष परोक्ष स्वीकार गर्नु नै हो । त्यसैले विरोध गर्नेले दफा दफामा होइन कि, यस्तो कानुन बन्नु हुँदैन भन्ने बहस गरौँ । राज्यले एकपटक फेरि सोचोस्, नियन्त्रण कुनै गलत विषय वा सामग्रीमाथि हुन सक्ला, माध्यममा हुन सक्तैन । राज्यले यो पनि सोचोस् कि, नियमन वा नियन्त्रण गर्ने गालीगलौज, घृणा र अपराधमा होला, अभिव्यक्तिमा हुन सक्तैन। स्मरण रहोस्, गालीगलौज, घृणा, अपराध र अभिव्यक्ति स्वतन्त्रताबीच आकाश जमिनको फरक छ। एकपल्ट शब्दकोश पल्टाएर पनि हेर्ने कि ? अन्यथा घृणा र अपराधको हवाला दिएर अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने अनुदार कार्य नहोस् । सामाजिक सञ्जालको प्रयोगलाई नियन्त्रण र नियमन गर्ने कानुन होइन कि घृणा र अपराधलाई नियन्त्रण गर्ने कानुन बनाऊँ । लोकतान्त्रिक सरकारले अनुदार बाटो हिँड्ने होइन, उदार छाती बनाउनुपर्छ ।

*-अन्नपूर्ण*

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सर्केगाड गाउँपालिका
हुम्ला

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

ताँजाकोट गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

# लैङ्गिक हिंसा नियन्त्रणका लागि सुरक्षा जालो


नमस्ते समचारदाता

दैलेख, फागुन/२२



लैङ्गिक हिंसा रोकथाम र गम्भीर प्रकृतिका घटनालाई कानुनी उपचारका लागि पहल गर्ने उद्देश्यले नारायण नगरपालिकामा नगरस्तरीय सामुदायिक सुरक्षा जालो नामक सञ्जाल गठन गरिएको छ। नारायण नगरपालिकाका २५ जना अगुवा महिलाको समूहले सुरक्षा जालो गठन गरेको हो। महिला सशक्तीकरण मञ्च दैलेखले ‘सामुदायिक सुरक्षा जालो तथा महिलावादी आन्दोलन सुदृढीकरण कार्यक्रम’ अन्तर्गत लैङ्गिक सवालमा पैरवी गर्न अधिकारकर्मी रिना पोखरेलको संयोजकत्वमा सञ्जाल निर्माण गरेको हो। नारायण नगरपालिकासँगै लैङ्गिक हिंसामा परेका महिला कानुनी उपचार खोज्न सदरमुकाम आउने हुँदा उनीहरूलाई कानुनी प्रक्रियामा सहयोग गर्ने उद्देश्यले उक्त सुरक्षा जालो सञ्जालले काम गर्ने जनाइएको छ। महिला सशक्तीकरण मञ्च नेपालका अध्यक्ष सुनिता चन्दले महिलालाई लैङ्गिक सवाल, महिलामाथि हुने विभेद तथा असमानता, अधिकार प्राप्तिका लागि सञ्जाल गठन गरिएको बताउनुभयो। उहाँले महिलामाथि हुने लैङ्गिक हिंसा, विभेद न्यूनीकरणसँगै भएका घटनाको कानुनी उपचार खोज्न सञ्जालले सहयोग गर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “जिल्लामा पहिलो पटक सामुदायिक सुरक्षा जालो गठन गरिएको र अन्य पालिकामा समेत गठन गर्ने तयारी गरेका छौँ।” नगरस्तरीय सामुदायिक सुरक्षा जालोका संयोजक रिना पोखरेलले महिलामाथि हुने सबै प्रकारका हिंसा न्यूनीकरण गर्ने र घटना भएका खण्डमा त्यसको वकालत तथा पैरवी गर्ने उद्देश्यले काम गर्ने बताउनुभयो। उहाँले सबै प्रकारणका हिंसा हुन नदिन समुदायस्तरमा उक्त सञ्जालमार्फत काम गरिने जानकारी दिनुभयो। सुरक्षा जालोमा सम्बद्ध महिलालाई लैङ्गिक सवाल, महिलामाथि हुने विभेद तथा असमानता, अधिकार प्राप्तिका लागि नेतृत्व विकासको आवश्यकता विषयमा आवश्यक तालिम समेत प्रदान गरिने छ। महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि सञ्जालले गर्ने काम, कर्तव्य, अधिकारका विषयमा उनीहरूलाई प्रशिक्षण गरिएको मञ्चले जानकारी दिएको छ। संस्थाले महिलामाथि हुने लैङ्गिक हिंसा दिवस अर्थात् मार्च ८ लक्षित विभिन्न कार्यक्रम गरी सचेतना जगाउने जनाएको छ।

# हल्जीवासी गर्दैनन् बसाइँसराइ



नमस्ते समचारदाता

हुम्ला, फागुन/२२

हुम्लाको नाम्खा गाउँपालिका -६ को हिमालपारिको लिमीको हल्जीगाउँका स्थानीय स्थायीरूपमा बसाइँ सर्न मान्दैनन्। लिमीको पुरानो, धार्मिक र ऐतिहासिक गुम्बाको डरले हल्जीगाउँका स्थानीय बसाइँसराइ गर्न डराउने गरेका हुन्। घरपरिवारमा शान्ति नहुने, बालबच्चाको शिक्षादीक्षा रोकिने, आँटेको र सञ्चालन भइरहेको व्यवसाय व्यापारमा असफलता भोग्नुपर्ने डरले स्थानीय अन्यत्र बसाइँसराइ गर्न डराउने गरेको बताइन्छ। हल्जी गाउँका ८४ वर्षका पुरुष छिरिङनुर्ब तामाङले हल्जी थुक्तेन रिन्छिलिङ गुम्बाको डरले स्थानीय स्थायी रूपमा अन्यत्र बसाइँसराइ गर्न डर मान्ने गरेको बताउनुभयो। उक्त गुम्बाकै डरले हालसम्म लिमीका तीन गाउँमध्ये घना बस्ती भएको गाउँका रूपमा हल्जीगाउँ चिनिँदै आएको उहाँले बताउनुभयो। उक्त गुम्बा एक हजार दुई सय वर्ष पुरानो भएका कारण यसको धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्व रहेका कारण स्थानीय डर मानेर नै घर छाड्न नमान्ने उहाँको भनाइ छ। व्यापार व्यवसाय तथा अन्य कामका सिलसिलाले बाहिर गए पनि गाउँ फर्कनुपर्ने बाध्यता स्थानीयमा रहेको छ। हल्जीगाउँकी ज्येष्ठ नागरिक ८७ वर्षीय मेन्डोक लामु तामाङले गुम्बाका कारण गाउँ छाडेर बाहिर गए राम्रो नहुने मान्यताले कोही पनि जान नसक्ने बताउनुभयो। गाउँ छाडेर काठमाडौं पुगेका एक जना हाल पारिवारिक समस्यामा रहेका छन्। त्यसैले जस्तो समस्या भए पनि गाउँमा बस्नुपर्ने बाध्यात्मक अवस्था रहेको उहाँको भनाइ छ। गाउँ छाडेर जानेको सङ्ख्या असाध्यै कम रहेको उहाँले बताउनुभयो। त्यही भएर जो कोही पनि हल्जीगाउँ छाडेर अन्यत्र जान तयार हुँदैनन्। लिमीका तीन गाउँमध्ये तीलबाट ६६ घरधुरीमध्ये हाल २४ घरधुरी मात्र गाउँमा छन्। बाँकी सबैले गाउँ छोडेका छन्। अर्को जाङगाउँमा रहेका ४४ घर धुरीमध्ये हाल एउटा पनि घरधुरी छैन। लिमीका वडाध्यक्ष एवं हल्जीगाउँका स्थायी बासिन्दा पाल्जोर तामाङले सामाजिक र धार्मिक मान्यताका कारण हल्जीगाउँ छाड्न कोही पनि तयार नरहेको बताउनुभयो। आर्थिक अवस्था राम्रो भएका काठमाडौंलगायतका सहरमा घर निर्माण गरेर बस्ने हैसियत राख्ने भए पनि गुम्बाका डरले गाउँ छाड्न नसक्ने अवस्था रहेको उहाँले बताउनुभयो। उक्त गाउँमा ९१ परिवार हल्जीमा बसोबास गर्दै आएका छन्। सो गाउँको जनसंख्या ४८८ रहेकोमा केही विद्यार्थी र व्यापारी गरी २० प्रतिशत मानिस मात्र गाउँबाहिरका काममा जाने गर्छन्। गाउँ छाडेर स्थायी रूपमा बाहिर जानेलाई गुम्बाले गर्दा राम्रो नहुने धार्मिक मान्यताका कारण गाउँ छाड्ने आँट कसैले गर्न नसक्ने उहाँले बताउनुभयो। वर्षमा तीन/चार पटक काठमाडौं पुग्ने वडाध्यक्ष तामाङ पनि गुम्बाकै डरका कारण गाउँ छाड्न नसक्ने स्थितिमा रहेको बताउनुहुन्छ। गुम्बामा पुराना र धेरै महत्वपूर्ण र महँगा मूर्ति र आकृति कोरिएका छन्। उक्त गुम्बा पुरानो भए पनि हल्जीवासी त्यसको पुनर्निर्माण गर्न डराइरहेका छन्। मुख्य गुम्बालाई बलियो बनाइराख्न काठको टेको लगाएर राखिएको छ।

# कर्णालीका महिलाको अवस्था नाजुक

नमस्ते समचारदाता

सुर्खेत, फागुन/२२



कर्णाली प्रदेशमा महिलाको अवस्था अझै पनि निकै नाजुक रहेको छ। कमै मात्र महिला शिक्षित छन् भने रोजगारीका अवसर प्राप्त गर्ने पनि न्यून छन्। सम्पत्तिमाथिको स्वामित्व झनै न्यून छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा १२.५ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा तथा घरजग्गा दुवै रहेको छ। महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार ६.२ प्रतिशत रहेको छ। महिलाको रोजगारीको अवस्थालाई हेर्दा ३३ प्रतिशत महिलाले परिवारमा योगदान गर्ने गरेका छन् भने विभिन्न पेसा व्यवसायमा ३२.४ प्रतिशत रहेका छन्। औपचारिक क्षेत्रमा ४१ प्रतिशत रहेका छन् भने ५८ प्रतिशत अनौपचारिक क्षेत्रमा क्रियाशील छन्। यसै गरी ८२ प्रतिशत कृषि र ८.६ प्रतिशत महिला रोजगार दाताका रूपमा सक्रिय छन्।

**कानुनमा समान, व्यवहारमा विभेद**

महिला सहभागिताको मुद्दालाई कानुनी रूपमा सम्बोधन गरिए पनि व्यवहारमा भने विभेद कायमै रहेको छ। राज्यका सबै निकायमा अर्थपूर्ण महिला सहभागिता हुनुपर्ने कानुन निर्माण गरिएको छ तर त्यसको व्यावहारिक कार्यान्वयनमा भने अझै पनि हेलचक्र्याइँ हुने गरेको अधिकारकर्मी बताउँछन्। अधिकारकर्मी पवित्रा शाहीले कानुनी समानता भए पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको बताउनुहुन्छ। कानुनले महिलालाई सशक्त बनाएको भए पनि त्यसको कार्यान्वयनको पाटो सोचेभन्दा फितलो भइदिँदा महिला अझै अन्यायमा परिरहेको उहाँको भनाइ छ। महिलाबारे बनेका सरकारी नीतिनियम र कानुनबारे आमनागरिकलाई सुसूचित बनाउने प्रतिबद्ध निकाय नहुँदा ठुलो संख्यामा महिला पछाडि नै परिरहेको शाही बताउनुहुन्छ। असमान ज्याला, सिप अनुसारको काम नपाउने लगायतका समस्या कायमै रहेको जानकारी उहाँले दिनुभयो। कर्णाली प्रदेश सरकारले भने महिला सशक्तीकरणका कार्यक्रम प्राथमिकतामा राखेको जनाएको छ। उद्यमी महिलालाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम राखिएको हो। महिलालाई आर्थिक उपार्जनमा जोड्नका लागि ‘एक जिल्ला एक उद्यमी महिला प्रोत्साहन कार्यक्रम’ कार्यान्वयन गर्न लागिएको प्रदेश सरकारले जनाएको छ। नयाँ कार्यविधि निर्माण गरेर कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट कार्यविधि स्वीकृत भएसँगै कार्यक्रम कार्यान्वयनको चरणमा अघि बढेको सामाजिक विकास मन्त्रालयले जनाएको छ। यो कार्यक्रम कार्यान्वयनका लागि ११ लाख रुपियाँ बजेट विनियोजन गरिएको मन्त्रालयकी सामाजिक विकास महाशाखा प्रमुख अनिता ज्ञवालीले जानकारी दिनुभयो। उहाँका अनुसार कर्णालीका १० वटै जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। उद्यमी महिलालाई प्रोत्साहन गर्न नयाँ कार्यक्रम कार्यान्वयन गर्न लागिएको उहाँको भनाइ छ। पछिल्लो समय साना तथा मझौला उद्योगमा महिलाको सहभागिता वृद्धि भइरहेको छ। उनीहरूको क्षमता विकास र प्रोत्साहन गर्न नमुना कार्यक्रम ल्याइएको हो। महिला उद्यमशीलताको क्षेत्रमा योगदान पुऱ्याउने महिला उद्यमीलाई पुरस्कृत गर्ने, उद्यम कार्यलाई सहज, सरल र व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले कार्यक्रम ल्याइएको छ। यस वर्ष सरकारले महिला सशक्तीकरणका कार्यक्रममा जोड दिएको हो। प्रदेश सरकारले महिला तथा बालबालिकाका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। सीमान्तकृत समुदाय एवं जोखिममा रहेका महिला तथा बालबालिकाको संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको प्रदेश सरकारले जनाएको छ। बालमैत्री छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त, बनाउने अभियानका कार्यक्रमसमेत राखिएको हो।





जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण अन्तिम चरणमा

नमस्ते समाचारदाता
धनगढी, फागुन/२२



धनगढी उपमहानगरपालिका-७ पटेलामा बनिरहेको आधुनिक फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको काम ६५ प्रतिशत पूरा भएको छ । दुई वर्षसम्म निर्माण समयावधि रहेको फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको काम सात महिनामा आधाभन्दा बढी भएको हो । अब धेरैजसो काम मेसिनरी उपकरण राख्ने भएकाले तोकिएको समयावधिभन्दा ६ महिना अगाडि नै निर्माणको काम पूरा गर्ने निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर इन्जिनीयर अशोक पाण्डेयले बताउनुभयो । “छ महिना अगाडि नै काम पूरा गर्ने हाम्रो लक्ष्य छ” उहाँले भन्नुभयो । क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत एसियाली विकास बैंक (एडीबी) को सहयोगमा फोहोरमैला व्यवस्थापन केन्द्र बनिरहेको छ। ९६ करोड रुपियाँ लगानीमा २२ हेक्टर क्षेत्रफलमा बनिरहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा दैनिक २२ टन फोहोरमैला व्यवस्थापन गर्न सकिने जनाइएको छ । फोहोरमैला व्यवस्थापन केन्द्रमा पुनः प्रयोग हुने, कुहिने र प्रयोगहीन (नकुहिने न बिक्री हुने) गरेर तीन तरिकाले फोहोर छुट्ट्याएर व्यवस्थापन गर्ने एडिबीका सुपरभिजन टिम लिडर इन्जिनीयर गिरीश चन्दले बताउनुभयो । उहाँका अनुसार फोहोर व्यवस्थापन गरेर निस्केको तरललाई जलीय जीवलाई कुनै पनि असर नगर्ने बनाएर खुटिया नदीमा फालिने छ । यो फोहोरमैला व्यवस्थापन केन्द्रमा ३० वर्षसम्म धनगढीको फोहोर व्यवस्थापन गर्न सकिने जनाइएको छ । चीनको सिचुवान प्रोभिन्स जियोलोजिकल इन्जिनीयरिङ कम्प्लेक्सले ठेक्का पाएर निर्माणको काम गरिरहेको छ । २०२४ अप्रिलमा ठेक्का भई निर्माणको काम सुरु गरिएको थियो। २०२६ अप्रिलसम्म निर्माण समायवधि रहेको छ। दुई वर्षभित्र निर्माण कम्पनीले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरी तीन वर्षसम्म आफैले सञ्चालन गरेर मात्र धनगढी उपमहानगर पालिकाको कार्यालयलाई हस्तान्तरण गर्ने जनाएको छ । त्यसपछिको बाँकी समय धनगढी उपमहानगरपालिकाले सञ्चालन गर्ने इन्जिनीयर चन्दले बताउनुभयो। फोहोरमैला व्यवस्थापन केन्द्रका कारण दुर्गन्ध नहुने र आसपासका बस्तीलाई कुनै पनि असर नगर्ने उहाँको जिकिर छ । “यसले वातावरण प्रदूषित हुँदैन र कुनै पनि असर गर्दैन” उहाँले भन्नुभयो । फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भएमा ५०-६० जना स्थानीयले रोजगारी पाउने जनाइएको छ । यसैगरी, उत्पादित मल पनि कृषि कार्यमा प्रयोगका लागि स्थानीयलाई नै दिइने बताइएको छ । फोहोरमैला व्यवस्थापन केन्द्रमा उपयोगहीन फोहोर व्यवस्थापनका लागि छ वटा सेल निर्माण गरिदैंछ । यसैगरी, तरल पदार्थ शुद्धीकरणका लागि २८ घनमिटरको पोखरी निर्माण गरिएको छ । फोहोरमैला व्यवस्थापन गरेर निस्केको तरल पदार्थको बायोकेमिकल अक्सिजन डिमान्ड (बिओडी), केमिकल अक्सिजन डिमान्ड (सिओडी) र पिएच जाँच गरेर नदीमा फाल्ने जनाइएको छ। “जब तरल कुनै पनि जलिय जीवलाई असर नगर्ने गरी प्रशोदित भएको पुष्टि हुन्छ, अनिमात्र त्यसलाई खुटिया नदीमा फालिन्छ” चन्दले भन्नुभयो। ३० वर्षपछि फोहोरमैला व्यवस्थापन गरिएको ठाउँ अग्लो डाँडाजस्तै बन्नेछ। त्यसपछि त्यहाँ चिल्ड्रेन पार्क वा वृक्षारोपण गरेर पुनः वन बनाउन सकिने जनाइएको छ । पटेला सामुदायिक वन क्षेत्रमा सो फोहोरमैला व्यवस्थापन केन्द्र बन्दैछ।

# रासायनिक विषादी प्रयोग बढेकोमा चिन्ता



नमस्ते समाचारदाता
सुर्खेत, फागुन/२२

अर्गानिक प्रदेशको आधार तय भएको कर्णालीमा रासायनिक विषादीको प्रयोग बढ्दै गएकोमा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । उनीहरूले बढी उत्पादनको लोभमा बढ्दै गएको रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्नुपर्ने भन्दै जैविक विषादीतर्फ उन्मुख हुनुपर्नेमा पनि जोड दिएका छन् । एकीकृत कृषि प्रयोगशाला सुर्खेतले आयोजना गरेको रासायनिक विषादी न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रममा कृषि उत्पादनमा रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्नुपर्ने र त्यसका लागि सबै पक्षहरू सचेत हुनुपर्ने जनाइएको छ । कर्णाली प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव परशुराम रावतले बढी कृषि उत्पादन गर्ने लोभमा रासायनिक विषादीको प्रयोग बढ्दै गएको पाइएको बताउनुभयो । उहाँले कर्णाली प्रदेश सरकारले प्राङ्गारिक प्रदेशको आधार तय गर्न सात वर्षअगाडि निर्णय गरिसकेको तर रासायनिक विषादीको प्रयोग बढ्दै गइरहेको पाइएकाले अब त्यसको प्रयोग घटाउनुपर्ने जनाउनुभयो । किसानलाई रासायनिक विषादीको सट्टा जैविक विषादीमा सहयोग गर्नुपर्नेमा जोड दिँदै साबिकको कर्णाली अञ्चलका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोटमा रासायनिक विषादीको प्रयोगमा रोक लगाइएको बताउनुभयो । उहाँले ती जिल्लामा रासायनिक विषादीमा रोक लगाउँदै बिक्रीको अनुमति नदिइएको र प्राङ्गारिक कृषिमै उत्पादन गर्न सहयोग गरिएको जनाउनुभयो । साथै कर्णाली प्रदेशका सुर्खेतसहित, दैलेख, सल्यान, जाजरकोट र रुकुमपश्चिममा पनि रासायनिक विषादीलाई न्यूनीकरणका लागि विभिन्न विकल्प खोजिएको सचिव रावतको भनाइ छ । उहाँले कर्णाली प्रदेशमा भित्रिने तरकारीको विषादी परीक्षणका लागि सुर्खेतको बबई र सल्यानको कपुरकोट नाकामा विषादी परीक्षण प्रयोगशालालाई छिट्टै सञ्चालनमा ल्याइने जानकारीसमेत दिनुभयो। रासायनिक विषादीको प्रयोग नगर्न उहाँले किसानलाई सुझावसमेत दिनुभयो। कर्णालीमा करिब ५० प्रतिशत माटो अस्वस्थ रहेको देखिएको हुँदा प्रत्येक बालीपछि माटो परीक्षण पनि गर्नुपर्ने उहाँको भनाइ छ । एकीकृत कृषि प्रयोगशाला सुर्खेतका प्रमुख चित्रबहादुर रोकायले रासायनिक विषादी क्यान्सर रोगका कारक भएकाले प्रयोगलाई हतोत्साही गर्नुपर्ने बताउनुभयो । उहाँले कर्णालीको सुर्खेतको वराहताल कुनाथरीको नयाँवन, दैलेखको नारायण नगरपालिका र सल्यानको कपुरकोटमा प्राङ्गारिक कृषिबारे सचेतना दिँदै घरेलु तथा जैविक विषादीको प्रयोगबारे जानकारी गराइने जनाउनुभयो । हालसम्म एक सयको हाराहारीमा शुद्ध प्राङ्गारिक कृषि खेती गर्ने कृषक भएको पाइएको भन्दै उहाँले रासायनिक विषादीको प्रयोगलाई घटाउँदै लैजाने प्रयास पनि थालिएको उल्लेख गर्नुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका बालीविज्ञ वेदप्रसाद चौलागाईंले उत्पादन बढाउन प्रयोग गरिने रासायनिक विषादी औषधी नभई विष भएको बताउनुभयो । रासायनिक विषादीको प्रयोग गर्नुपर्ने बाध्यता रहे पनि स्थानीय, प्रदेश र सङ्घ सरकारले पनि रासायनिक विषादी प्रयोगलाई कमी ल्याउन सचेतनाका कार्यक्रमहरू ल्याउनुपर्ने उहाँको भनाइ छ ।

# पर्यटकीय स्थल बनाउन संरचना थपिँदै

नमस्ते समाचारदाता
कैलाली, फागुन/२२



कैलालीको ओजुवा ताल परिसरमा डेढ करोड रुपियाँ लगानीमा भौतिक संरचना निर्माण गरिँदै छ। टीकापुर नगरपालिका-७ स्थित सो ताल क्षेत्रको सौन्दर्यीकरण गरी पर्यटन विकास गर्ने उद्देश्यले सङ्घीय सरकार र टीकापुर नगरपालिकाको साझेदारीमा भौतिक संरचना निर्माण गर्न लागिएको हो । सो क्षेत्र डल्फिनसहित विभिन्न जलचर र जलपन्छी अवलोकनका लागि चर्चित छ। त्यस क्षेत्रमा बर्सेनि आन्तरिक तथा बाह्य पर्यटक डल्फिन अवलोकनका लागि पुग्ने गरेका छन्। ताल क्षेत्रको सौन्दर्यीकरण गरेर पर्यटन विकास गर्न विभिन्न संरचना निर्माणको काम भइरहेको वडाध्यक्ष यज्ञ प्रसाद न्यौपानेले बताउनुभयो। उहाँले भन्नुभयो, “१२ बिघामा फैलिएको यो ताल यहाँको पुरानो र ऐतिहासिक ताल हो। यस तालपरिसरको सौन्दर्यीकरण गरी पर्यटन विकासका लागि काम भइरहेको छ।” तालपरिसरमा २०५ मिटर पर्खाल निर्माणको काम पूरा भएको छ। यसै गरी तालमा पानी आपूर्तिका लागि दुई वटा बोरिङ निर्माण गरिएको छ। आगन्तुक बस्नका लागि बेन्च राख्ने, टहरा बनाउने कार्य भइरहेको छ। त्यस्तै बिजुली जडान, बाटोमा ग्राभेलको काम पनि भइरहेको अध्यक्ष न्यौपानेले बताउनुभयो । उहाँले निकट भविष्यमा ताल क्षेत्रमा बोटिङ सञ्चालन हुने उल्लेख गर्नुभयो। तालपरिसर सौन्दर्यीकरणका लागि सङ्घीय सरकारले समपूरक अनुदान अन्तर्गत ८० लाख र टीकापुर नगरपालिकाले ८० लाख रुपियाँ बजेट विनियोजन गरेको जनाएको छ। क्रमागत योजना अन्तर्गत सौन्दर्यीकरणको काम अगाडि बढाइएको उल्लेख गर्दै थप संरचना निर्माणका लागि प्रदेश सरकारसँग पनि बजेट माग गरिएको वडाध्यक्ष न्यौपानेले बताउनुभयो। टीकापुरकै साउद बिल्डर्सले ठेक्का पाएर संरचना निर्माणको काम गरिरहेको छ। डल्फिन संरक्षण क्षेत्रमा रहेको ओजुवा तालको सौन्दर्यीकरणले पर्यटन विकासमा टेवा पुग्ने डल्फिन संरक्षणकर्मी भोजराज ढुङ्गानाले विश्वास व्यक्त गर्नुभयो।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके